# सुन्दरहरैँचा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, मोरङको

## आ. व. ०८१/०८२ को तेस्रो चौमासिक

## सार्वजनिक सुनुवाई प्रतिवेदन २०८२

**कार्यक्रम आयोजना: सुन्दरहरैँचा नगरपालिका वडा नम्बर ५**

**मिति: २०८२ असार २० गते**

**समय: दिउसो १२ बजे देखि ३ बजेसम्म**

CamScanner

(१)

कार्यक्रम आयोजना: सुन्दरहरैंचा नगरपालिका वडा नम्बर ५
मिति: २०८२ असार २० गते
समय: दिउसो १२ बजे देखि ३ बजेसम्म

# अनुसूची ५
## दफा १३ को उपदफा ४
## सार्वजनिक सुनुवाइ सम्बन्धी सुन्दरहरैंचा नगरपालिकाको प्रतिवेदन २०८२

**कार्यालय प्रमुखको नाम : केदारप्रसाद गुरागाई (नगरप्रमुख) सुन्दरहरैंचा नगरपालिका, मोरङ**

**सहजीकरण संस्था : एकता मिडिया प्रा.लि. रेडियो सुसेली, सुन्दरहरैंचा सहजकर्ता: बाबुराम निरौला,**

सुन्दरहरैंचा नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरेका योजना तथा कार्यक्रमबाट आम नागरिक, सेवाग्राही, सरोकारवालाहरुको सहभागितामा नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतमा रहेका सुशासनका सूचकहरुमाथि ग्रामीण क्षेत्रको सर्भेक्षणबाट आएको नतिजालाई सार्वजनिक गर्ने र त्यसमा भएका कमजोरीहरुलाई सुधार गर्दै लैजाने प्रतिवद्धतासहितको कार्यक्रम सम्पन्न गरिएको। सुन्दरहरैंचा नगरपालिकाको २०८२ साल आषाढ १९ गतेसम्म सम्पन्न भएका विकास निर्माणको प्रगति स्थानीय तहबाट प्रस्तुत गरिएको छ।

सुन्दरहरैंचा नगरपालिकाको आयोजना तथा रेडियो सुसेलीको सहजीकरणमा वडा नम्बर ५ को सतकवीर धार्मिक स्थलको सभाहलमा सुन्दरहरैंचाभित्रका सरोकार राख्ने आम नागरिकहरुको सहभागितामा खुला छलफलको माध्यमबाट सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ। यस कार्यक्रमले सेवाप्रदायक मार्फत् प्रवाह भएका सेवा र जनतामा रहेका समस्या र समाधानका विषयहरुमा खुला बहस गरी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमले जनताको सहभागिता सुनिश्चित गर्न, सेवा प्रवाहमा सुधार ल्याउन, पारदर्शिता र जवाफदेहिता कायम गर्ने कोशेढुंगा बनेको स्थानीयको भनाइ थियो।

सयौंको संख्यामा उपस्थित भएका सुन्दरहरैंचा नगरवासीले राम्रा पक्षहरुको खुलेर प्रशंसा गरेका थिए भने कमजोरीहरुको आलोचना गर्दै आगामी समयलाई असल सुझावहरु सहित कार्यक्रम सम्पन्न भएको थियो। सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ प्रदेश सरकारको कार्यविधिअनुसार कार्यक्रम सम्पन्न भएको छ। सुन्दरहरैंचा नगरपालिकाअन्तर्गतका वडा कार्यालयहरु, विषयगत शाखाहरु (स्वास्थ्य, शिक्षा, कृषि, पशु, सहकारी लगायत) बाट नगरसभा तथा कार्यपालिका, न्यायिक तथा विभिन्न समितिहरुले स्वीकृत गरेको बजेट, नीति तथा कार्यक्रमको कार्य सम्पादन साथै सुशासन प्रवर्द्धन जनचाहना र विकास सम्बन्धि कार्य कस्तो छ र सेवाग्राहिको चाहना आवस्यकता के छ भन्ने जानकारी प्राप्त गर्ने उद्देश्यले तेस्रो पक्षद्वारा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ।

एकता मिडिया प्रा.लि. रेडियो सुसेली १०६.३ मे.ह.

यस सार्वजनिक सुनुवाइ प्रयोजनका लागि नगरपालिकाका विभिन्न वडाहरुमा गई नागरिक प्रतिवेदन पत्रमा धेरै सहभागीले उत्तरदाताको रुपमा सहभागीता जनाउनु भएको थियो ।

**अनुसूचि १ दफा ४ को उपदफा १ सँग सम्बन्धित नागरिक प्रतिवेदन को सेवाको सन्तुष्टी सम्बन्धि :**

**१. सेवाको सन्तुष्टी**

१.१ तपाईले यस कार्यालयबाट समग्रमा कत्तिको सन्तुष्टी पाउनुभयो ?

१.२ कर्मचारीको व्यवहारमा कतिको सन्तुष्टी हुनुहुन्छ ?

**२.सेवाको नियमितता**

२.१ नागरिक वडापत्रमा उल्लेख भएको समय अनुसाार तपाईंले प्राप्त गर्नुपर्ने सेवामा लागेको समयको सन्तुष्टि

२.२ कार्यालय नियमिततामा कर्मचारीहरुको उपस्थिति कस्तो पाउनुभयो ?

२.३ कार्यालयमा तपाई सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

**३. सेवा प्रतिको जनविश्वास**

३.१ संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

३.२ कार्यालयले प्रदान गर्ने सेवा बारे अरुलाई जानकारी तथा प्रचार प्रसार गर्नु भएको छ ?

३.३ संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

३.४ कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

**४. सेवाको गुणस्तर**

४.१ कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

४.३ कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

**५ सेवा सम्बन्धी जानकारी**

५.१ को प्रश्न थियो कार्यालयको भौतिक अवस्था कस्तो छ ?

५.२ कार्यालयमा भएको नागरिक वडापत्र बारे तपाईलाइ थाहा छ ?

५.३ अनुसार कार्यालय र सेवाग्राही बीचको सम्वन्ध कस्तो छ ?

५.४ पालिका तहमा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?

**६. नागरिक बडापत्र, उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

६.२ तपाईको विचारमा गाउँपालिका । नगरपालिका वा यसका सेवा प्रदायकहरुले नागरिक बडा पत्र अनुरुप कति हदसम्म सेवा पद्रान गरेको जस्तो लाग्छ ?

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

एकता मिडिया प्रा.लि. रेडियो एसेली १०८.३ मे.ह. स्था. २०६८ सुन्दरहरैचा-१० मोरङ

नागरिक प्रतिवेदन पत्रमा सुन्दरहरैंचा नगरपालिकाका विभिन्न ठाउँहरुबाट प्रश्नकर्ताहरुले समुदायका आवाजहरु संकलन गरी प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको थियो । यसबाट मिश्रित प्रकारको नतिजा प्राप्त भएको छ। नतिजालाई तल प्रस्तुत गरिएको छ ।

## अनुसूची २, दफा ४, उपदफा १ बहिर्गमन अभिमत

सुन्दरहरैंचा नगरपालिकाको सार्वजनिक सुनुवाइका क्रममा सेवा लिन आएका नागरिकहरुलाई सोवको गुणस्तर सम्बन्धी कार्यालयसामु प्रश्नोत्तर गरी नतिजा प्राप्त भएको छ ।

प्रश्नहरु

सेवासुविधासम्बन्धी तपाईंको स्वमूल्याङ्कन कस्तो रह्यो ?

१ सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा केकस्तो छ ?

२. सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?

३. तपाईंप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

४. सोव प्राप्त गर्न आवश्यक सूचनाहरु, प्रमाण, शुल्क र दस्तुरबारे तपाईलाई सेवाप्रदायक कर्मचारीले प्रष्ट पारे ?

५. तपाईंले राखेको समस्यालाई केकस्तो समाधान दिए ?

६. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया केकस्तो लाग्यो ? जस्ता प्रश्नहरुबाट मिश्रित नतिजा प्राप्त भएको छ । तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

एकता मिडिया प्रा.लि.
रेडियो सुरोली
१०६.३ मे.ह.
स्था: २०७०
सुन्दरहरैंचा-१०, मोरङ

# अनुसूचि - १
# गुनासो दर्ता किताव

| क्रम | प्रश्नकर्ताको नाम | प्रश्न, गुनासो वा सुझाव | उत्तरदाता | जवाफ |
|---|---|---|---|---|
| १ | सुरेन्द्र भट्टराई, सुन्दरहरैंचा ५, मोरङ | सामुदायिक भवनहरु ऐलानी जग्गामा बनेका छन् र अधुरा छन् । पछिल्लो समय काम रोकिएका छन्, अब के हुन्छ ? | केदारप्रसाद गुरागाईं, नगरप्रमुख | पहिले कानुनमा स्पष्टता नभएकाले राज्यको समेत लगानीमा यस्ता सामुदायिक भवनहरु बनेका छन् । पछिल्लो समय सरकारले ऐलानी तथा पर्ती जमिनमा खर्च गर्न नहुने प्रावधान ल्याएकाले निर्माणाधीन सवै संरचनाको काम रोकिएको हो । हाल थप लगानी गर्न र व्यवस्थापन गर्न सक्ने अवस्थामा हामी छैनौं । कुनै विधिमार्फत् यसलाई व्यवस्थित गर्न कानुनी उपायहरु खोजिनेछ । |
| २ | सोमप्रसाद पराजुली, सुन्दरहरैंचा | तेलिया टोल विकास संस्थादेखि त्रिवेणी टोलको सडक र त्यहाँको बस्तीको व्यवस्थापनमा किन ध्यान पुगेन ? | केदारप्रसाद गुरागाईं, नगरप्रमुख | हामी निरन्तर काम गरिरहेका छौं । सडकतर्फको काम आवश्यक मर्मतसम्भार र दीर्घकालीन निर्माणको लागि हामी लागिरहेका छौं । चाँडै नै यसलाई व्यवस्थित समाधान गरिने कुरामा म प्रतिबद्ध छु । बिजुलीको विषयमा सामुदायिक विद्युतीकरणले नेपाल सरकारसँग काम गरिरहेको छ । केही समयपछि यसको दीर्घकालीन समाधान भई यसको निकास आउने कुरामा ढुक्क हुन अनुरोध गर्दछु । |
| ३ | घनश्याम न्योपाने, सुन्दरहरैंचा-५ | क) हसिना सिमसारमा बनेका भौतिक संरचना र अधुरो अवस्थामा रहेका योजनाको दीर्घकालीन समाधान के हो | केदारप्रसाद गुरागाईं, नगरप्रमुख | क) बहुवर्षीय ठेक्का प्रक्रियामा रहेको सिमसारको योजना केही कानुनी जटिलता र ठेकेदारको ढिलासुस्तीका कारणले गर्दा समस्या भएको छ। यसको स्थायी निकासका लागि हामी पहल गरिरहेका छौं । |
| | | ख) सामुदायिक वनलाई करको दायरामा ल्याउनुभयो, तर वनलाई के दिनुभयो | विनोदकुमार न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत | ख) निवेदन दिएका सामुदायिक वनलाई वृक्षरोपणका लागि आवश्यक बजेट दिएका छौं । प्रस्ताव नआएकाले अन्यलाई दिन सकिंएन । |

रेडियो सुसेली १०६.३ मे.ह. स्था: २०६७ ... मिडिया प्रा.लि. सुन्दरहरैंचा, मोरङ

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | विनय सिग्देल, सुन्दरहरैंचा | क) कर्मचारीहरु नियमित रुपमा नभेटिँदा काममा समस्या भएको छ ।<br>ख) वेब साइट थप व्यवस्थित गराउनुपर्यो ।<br>ग) सार्वजनिक सुनुवाइको तथ्यांक सबै वडालाई प्रतिनिधित्व हुने गरी भयो ? | विनोदकुमार न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत | क) नियमित रुपमा कर्मचारी छन् । कुनै विशेष परिस्थितिमा बाहेक कामलाई नै बाधा हुने गरी कर्मचारी अनुपस्थित रहेको अवस्था छैन । केही त्यस्तो कठिनाइ भएको भए कार्यालय प्रमुखलाई सिधै भेटी गुनासो राख्न आग्रह गर्दछु ।<br>ख) वेबसाइटलाई व्यवस्थित गर्दै आएका छौं । तपाईंले भनेजस्तै नियमित कर्मचारीको कामकाज दैनिक वेब साइटमा हालकै अवस्थामा समेट्न सकिँदैन ।<br>ग) कानुनी विधि नमान्न कसैलाई छुट छैन । प्रक्रिया समुदायस्तरमा गएर नै आएको नतिजा हो । नीति र विधिवाहेक हामी जान सक्ने अवस्था छैन । |
| | | घ) कर बढ्यो तर किन विकास बढेन ? | केदारप्रसाद गुरागाईं, नगरप्रमुख | घ) मलाई त्यस्तो लाग्दैन । ठूलो क्षेत्रफल, सीमित बजेट, कम राजस्व, अत्यधिक माग र आवश्यकता र अपेक्षाबीचमा तालमेल नहुँदा त्यस्तो लागेको हुन सक्छ । विनियोजन गरिएका अधिकांश योजनाहरु कार्यान्वयनको अवस्थामा रहेकाले तपाईंले भनेजस्तै विकासै नभएको चाहिँ होइन, सोचेजस्तै हुन नसकेको कुरामा म विश्वस्त छु । तर कामै नभएको भन्ने विषयमा म सहमत छैन । |
| ५ | गेहनाथ दाहाल, सुन्दरहरैंचा-५ | क) बुढीगंगा घाट कहिले बन्छ ?<br>ख) सीपमूलक तालिमबाट के उपलब्धि भयो, अनुगमन गर्नुभयो ?<br>ग) आफ्ना पालामा भएका मुख्य काम के हो भन्न सक्नुहुन्छ ? | केदारप्रसाद गुरागाईं, नगरप्रमुख | क) आगामी वर्षभित्र आधारभूत निर्माण सम्पन्न भई प्रयोगमा आउँछ ।<br>ख) सीपमूलक तालिमबाट दक्षता बढेको छ । आवश्यकता बढेपछि सीपले आफैं रोजगारको बाटो लिन्छ । जान्ने बनाउनु हाम्रो दायित्व हो । समय आएपछि रोजगार बन्ने कुरामा सबैलाई ढुक्क हुन आग्रह गर्दछु ।<br>ग) शैक्षिक क्षेत्रमा मुख्य काम गर्ने योजना छ । सबै व्यक्ति संस्कारसहितको शिक्षित हुन सके भने विकास आफैं हुन्छ भन्ने कुरामा म विश्वस्त छु । |
| ६ | चन्द्र कोइराला, सुन्दरहरैंचा | क) संस्थागत विद्यालयको छात्रवृत्तिमा के काम गर्दै हुनुहुन्छ ? | विनोदकुमार न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत | क) संस्थागत विद्यालयको छात्रवृत्तिमा हालसम्म कुनै काम भएको छैन । चाँडै कामले गति पाउने विश्वास दिलाउन चाहन्छु । |
| | | ख) .गछियाको चिस्यान केन्द्र के गर्नुभयो ?<br>ग) वडा कार्यालयको वाहिर बस्ने लेखनदासले चर्को रकम लिने | केदारप्रसाद गुरागाईं, नगरप्रमुख | ख) निर्माण सम्पन्न भएको छ । सञ्चालनको ठेक्का प्रक्रियामा जाने अन्तिम तयारी भइरहेको छ ।<br>ग) आफैं निवेदन लेख्न सक्नेलाई शुल्क लाग्दैन । तर शुल्क बढी भयो भन्ने गुनासोमा ध्यानाकर्षण भएको छ । |

एकता मिडिया प्रा.लि. रेडियो सुसेली १०६.३ मे.ह. स्था: २०६७

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | गरेकोमा अनुगमन गर्नुपर्दैन ?<br>घ) गरिबीको रेखामुनि रहेको तथ्यांक नगरमा अहिले कस्तो छ ? | | घ) गरिबीको रेखामुनि रहेको तथ्यांक हामी व्यवस्थित गरिरहेका छौं । गरिबीको रेखामुनि रहेकालाई तालिमलगायतका कार्यक्रम दिइरहेका छौं । नतिजा ढिलो आउँछ । सडक कालोपत्रे गरेजस्तो नतिजा देखिने गरी हुन क्रमशः काम भइरहेको छ । |
| ७ | कृष्णकुमार घिमिरे, सुन्दरहरैंचा ५ | क) ढुकुर जोडी प्रतियोगिताको मापन विधि के हो ?यस्ता आलोचित कार्यक्रम नगर्न अनुरोध गर्दछु ।<br>ख) इटहरीको घाटमा शव जलाउन धेरै खर्च लाग्छ, यसको अन्त्य कहिले हुन्छ ? सुन्दरहरैंचामा घाट व्यवस्थापन गर्न के गर्दै हुनुहुन्छ ? | केदारप्रसाद गुरागाईं, नगरप्रमुख | क) ढुकुर जोडी कुनै श्रीमान्श्रीमतीलाई पुरस्कृत गरिएको होइन । एकै परिवारमा तीन देखि चार पुस्ता लामो समयदेखि खुशीका साथ रमाएर बस्न सकून् र जन्मदर्तादेखि पञ्जीकरणका सबै प्रक्रिया पूरा गर्न सक्षम हुनुलाई विशिष्ट परिवार भनेर सम्मान गर्नु कुनै अपराध होइन । नामसँग जोडिएर आएका विषयमा नामको विषयमा उचित व्यवस्थापन गरिनेछ ।<br>ख) चाँडै हामी लोहितगंगा र मुक्तिगङ्गा घाट निर्माणको चरणमा छौं । |
| ८ | गंगा अधिकारी, सुन्दरहरैंचा | क) साझेदारी वनलाई किन करको दायरामा ल्याउन सक्नुभएन ?<br>ख) वडा नम्बर १ मा रहेको नगर अस्पताललाई मात्र लगानी गर्ने भन्दा भीडभाड हुने ठाउँमा अस्पतालको सेवा आवश्यक रहेको होइन ?<br>ग) सुन्दरहरैंचाको दीर्घकालीन फोहोर व्यवस्थापनको तपाईंसँग के योजना छ ? | केदारप्रसाद गुरागाईं, नगरप्रमुख | क) साझेदारी वन स्थानीय सरकारको अधिकार सूचीमा नरहेकाले हामी कुनै कार्य गर्न सक्दैनौं ।<br>ख) १५ मिनेटको दूरीमा सबै वडाबाट नगर अस्पताल पुगिने भएकाले कुनै विवाद गर्नुपर्ने आवश्यकता देखिँदैन । अस्पताल एक ठाउँमा हुन्छ । यसैलाई व्यवस्थित गर्दै लगिने हुनाले सबैलाई सकारात्मक हुन आग्रह गर्दछु ।<br>ग) अन्तरपालिका फोहोर व्यवस्थापन अहिल्यै नै गर्ने अवस्था छैन । आफ्नो फोहोर व्यवस्थापनको काम गरिरहेको छु । |
| ९ | ओमवहादुर राई | फोहोर बोक्ने गाडी हाम्रोतिर नियमित आउँदैन ।<br>ख) कार्यक्रम भइरहेको सतकबीर मन्दिरको यो हल कहिलेदेखि सर्वसाधारणलाई कार्यक्रम गर्न वा | विनोदकुमार न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत | क) केही कठिनाइ भएर हुन सक्छ । गाडी नियमित आउने कुरामा ढुक्क हुन अनुरोध गर्दछु ।<br>ख) के भएको हो भन्ने बुझेर हामी त्यसलाई खुलाउन आवश्यक पहल गर्नेछौं । |

एकता मिडिया प्रा.लि. रेडियो सुसेली १०८.३ मे.ह. सुन्दरहरैंचा-१०, मोरङ

| | | | | |
|---|---|---|---|---|
| | | प्रवेश गर्न खुला हुन्छ ? | | |
| १० | सुरेन्द्र भट्टराई सुन्दरहरैंचा | टोल विकास संस्थालाई व्यवस्थित गर्नुहुन अनुरोध गर्दछु । | सुझाव | सुझाव |

**समग्रको अवस्था**

समग्रमा सार्वजनिक सुनुवाइ कार्यक्रम सघन रुपमा प्रश्नोत्तर गरी सम्पन्न भएको छ । जनताले साना समस्यालाई उठान गरेका छन् । चालु आर्थिक वर्षको दोस्रो सार्वजनिक सुनुवाईका प्रश्नहरुको जनताको उत्तरमा यस पटक सार्वजनिक सुनुवाइमा केही सूचकमा ठूलो सुधार आएको छ भने केही सूचकहरुमा सोचेजति नतिजा आउन नसकेको देखिन्छ ।

एकता मिडिया प्रा.लि.
रेडियो सुसेली
१०६.३ मे.ह.
स्था: २०६७
सुन्दरहरैंचा-१०, मोरङ

CamScanner